मिति :२०६७/०८/१९

श्री युवा तथा खेलकुद मन्त्रालय
कमलपोखरी, काठमाडौं ।

**विषय : भ्रमण प्रतिवेदन ।**

उपरोक्त सम्बन्धमा मैले यही २०६७/०८/१३ देखि २०६७/०८/१५ सम्म रुपन्देही जिल्लाको भ्रमण गरेको थिएँ । भ्रमणको सिलसिलामा चालू आ.व. ०६७/०६८ को वार्षिक बजेटमा लेखिएको कार्यक्रम अन्तर्गत भैरहवामा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्ने भएबाट सो सम्बन्धी वस्तुस्थिति बुझ्ने र रुपन्देही जिल्ला खेलकुद विकास समिति र युवा सूचना केन्द्रको निरीक्षण गर्ने कार्य गरेको थिएँ ।

भैरहवामा क्रिकेटको लागि भनेर छुट्टै मैदान नभै राष्ट्रिय खेलकुद परिषदको स्वामित्वमा रहेको सिद्धार्थ रंगशालाको मैदानलाई क्रिकेट खेल संचालन गर्न भनी नेपाल क्रिकेट संघको स्थानीय इकाईलाई चलन गर्न दिएको पाइयो । रंगशालाको मैदान अवस्था नाजुक रहेको कारणले लामो समय देखि क्रिकेट, फुटबलका केही खेल वाहेक मैदानको उपयोग खेलकुदमा भैरहेको पाइएन । हाल रहेको रंगशालामा क्रिकेटसंघले निर्माण गरेको सानो कार्यालय कक्ष तथा मंच वाहेक अन्य संरचना छैन । रंगशालाको उपयोग औधोगिक प्रदर्शनी लगायतका अन्य कार्यमा भैरहेको पाएँ । स्वयं मेरो भ्रमणको बेलामा औधोगिक मेलाको तयारी भैरहेको थियो । सो रंगशालामा क्रिकेटको मैदान बनाउन एशियाली क्रिकेट काउन्सिलका पदाधिकारीहरुले पनि अवलोकन गरेको जानकारी पाएँ । उक्त खेल मैदानमा क्रिकेटको पीच लगायतका संरचना तयार गरी खेल संचालन गर्न सकिने भए पनि जिल्ला खेलकुद विकास समितिको स्वामित्वमा भैरहवामा अन्य मैदान नभएको कारणले गर्दा अरु खेललाई पनि स्थान दिन सकिने गरी मैदानको विकास गर्नु पर्ने राय प्राप्त भएको थियो । तथापि क्रिकेट मैदान बनाएर बाँकी रहने ठाउँमा अन्य खेलकुदका गतिविधि संचालन गर्न सकिने भए पनि क्रिकेटको पीच आदिको सुरक्षाले गर्दा फुटवल मैदान समेत राख्दा केही समस्या पर्न जाने शंका पनि व्यक्त भयो । फुटवलको लागि जिल्ला अन्तर्गत वुटवलमा छुट्टै फुटवल मैदान रहेकोले सबैलाई मिलाएर मैदान विकास गर्ने कार्य आरम्भ गर्न सकिने भनी खेल सम्वद्ध सबै पदाधिकारीको राय रहेको पाइयो । हाल भैरहेको रंगशालाको परिधि भित्र केही निजी जग्गा समेत रहेकोले त्यसलाई मुआव्जा दिई अधिग्रहण गर्नु पर्ने र रंगशाला विस्तारको लागि केही जग्गा थप अधिग्रहण गर्नुपर्ने राय पनि प्राप्त भएको थियो । भैरहवामा क्रिकेटको लोकप्रियता ज्यादै राम्रो रहेको र राष्ट्रिय स्तरका खेलाडीहरु उक्त क्षेत्रले उत्पादन गरेको वर्तमान स्थितिलाई ध्यानमा राख्दा तत्काल निर्माण कार्य अघि बढाउनु पर्ने देखिन्छ । यसका लागि नेपाल क्रिकेटसंघलाई समावेश गरी राष्ट्रिय खेलकुद परिषदवाट एउटा प्रतिनिधि टोली खटाई कार्य संचालन, लागत इष्टिमेट तथा निर्माण कार्य विधि आदि बारे तय गर्नु पर्ने देखिन्छ ।

वुटवलस्थित जिल्ला खेलकुद विकास समिति तथा युवा सूचना केन्द्रको निरीक्षण गर्दा खेलकुद विकास समितिका अध्यक्ष भैरहवा तिरको भएकोले निजले भैरहवा स्थित रंगशालामा रहेको क्रिकेटसंघको भवनमा सम्पर्क कार्यालय खडा गरी संचालन गरेको पाईएकोले कार्य संचालनमा वाधा पुगेको पाएँ । खेलकुदका प्रशिक्षकहरुको नियमित कार्ययोजना नभै आफूलाई सुबिधा भए बमोजिम खेल प्रशिक्षण गराई रहेको र केही प्रशिक्षक तथा कर्मचारी केन्द्रमै काजमा रहेको पाएँ । खेलकुद गतिविधिलाई समन्वय गर्ने गरी कार्यक्रम तयार भएको पाइएन । यसका लागि राष्ट्रिय खेलकुद परिषदको ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ । युवा सूचना केन्द्रबाट संचालित गतिविधिहरु बारे अन्य युवालाई जानकारी गराउने थप प्रयास गर्नु पर्ने देखिन्छ । स्थानीय युवा साझेदारी कार्यक्रमलाई अझ प्रभावकारी बनाउन अनुगमन निरीक्षणमा थप जोड दिनुपर्ने देखिन्छ ।

**वोधार्थः–**

(सुशील जंग वहादुर राणा)
सचिव

श्रीमान मुख्य सचिव ज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सिंहदरबार, काठमाडौं ।